# बिर्तामोड नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## बिर्तामोड, झापा
## कोशी प्रदेश, नेपाल ।

☎०२३ - ५९७००७(Ext.११)


पत्र सख्यां. : २०८१/०८२ (प्रशासन शाखा)
च.नं. :

मितिः- २०८१।०८।२१
ने.सं.- ११४५. थिँलाथ्व, ५ शुक्रवार

सूचना प्रकाशित मितिः-२०८१/०८/२१

**विषयः-तह वृद्धिको लागि निवेदन पेश गर्ने सम्वन्धी सूचना।**

प्रस्तुत विषयमा कोशी प्रदेश सरकारबाट जारी "स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८०" को दफा २७ को उपदफा (३) तथा "विर्तामोड नगरपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१" को दफा ५ तथा कार्यविधिको दफा ७ बमोजिमको योग्यता पुगेका यस नगरपालिका र मातहतका कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा समेत यसै सूचना साथ जानकारी गराईन्छ।

**उम्मेद्धारले दरखास्त दिदा ध्यान दिनुपर्ने कुराहरुः-**

१. विर्तामोड नगरपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१ को अनुसुची -१ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ।

२. आवश्यक कागजातहरुः
   - पछिल्लो तीन वर्षमा कार्यसम्पादन मूल्याङ्कन फाराम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन,
   - सेवा अवधि पुष्टि गर्ने नियुक्ति/बढुवा नियुक्तिको प्रतिलिपि,
   - समायोजन भई आएका कर्मचारीको हकमा स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि,
   - विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधी पुरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,
   - जुन तहमा तहवृद्धि हुने हो सो तहभन्दा कम्तिमा एक तह मुनिको पदमा खुला प्रतियोगिताको लागि तोकिएको न्युनतम शैक्षिक योग्यताका प्रमाणित प्रतिलिपिहरु,
   - सेवाकालीन तालिम लिएको भए सो सम्बन्धी कागजातको प्रतिलिपि,
   - पेशा सम्बन्धी व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि, (आवश्यक हुनेको हकमा)
   - दफा ७ बमोजिमको योग्यता र सेवा अवधि खुल्ने कागजातको प्रतिलिपि,
   - समितिले तोकेको अन्य कागजातहरु।

३. कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका कर्मचारीहरुको हकमा समायोजन पूर्वको सेवा समूह समेत स्पष्ट उल्लेख गर्नुपर्नेछ।

**द्रष्टव्यः**

१. २०८१ साल पौष मसान्त सम्ममा ५ वर्ष सेवा अवधि पुरा हुने पाँचौ, सातौ र नवौ तहका कर्मचारीहरुले तहवृद्धिको लागि तोकिएको समयभित्र निवेदन दिइसक्नु पर्नेछ।

मिलन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत